# हरिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हरिनगरा, सुनसरी
### कोशी प्रदेश, नेपाल

**आन्तरिक आय संकलन ठेक्का सम्बन्धी सार्वजनिक बढाबढको सूचना**

प्रकाशित मिति २०८०/०६/०४

हरिनगर गाउँपालिकाको आन्तरिक आय बन्दोवस्त गर्न गाउँपालिकावाट स्विकृत दर रेटमा आ.व. २०८०/०८१ वर्ष १ (एक) को लागि तपशिल बमोजिम ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीवाट देहायका शर्तहरुको अधिनमा रहि सार्वजनिक बढाबढमा भाग लिन यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरु :**

१. सार्वजनिक डाक बढाबढ मिति २०८०/०६/१० गते दिनको ११:०० वजे देखी अपरान्ह ०२:०० वजे सम्म हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय हरिनगरा, सुनसरीमा हुनेछ।

२. डाक बढाबढमा भाग लिने व्यक्तिले नेपाली ना.प्र.प.को प्रतिलिपि तथा PAN दर्ता प्रमाण पत्र, फर्म वा कम्पनीले फर्म इजाजत पत्रको प्रतिलिपि, आन्तरिक राजश्व कार्यालयबाट पान/भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी आ.व. २०७९/०८० को आयकर चुक्ता प्रमाण पत्र समेत बढाबढको समयमै पेश गर्नु पर्नेछ।

३. डाक बढाबढमा भाग लिने व्यक्ति वा निजको प्रतिनिधिले आफुले कबोल गरेको अङ्क रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम तत्कालै सोही बखत नगदै बुझाउने पर्नेछ।

४. ठेक्का बढाबढ स्विकृत भएको जानकारी प्राप्त भएको मितिले ३ (तिन) दिन भित्र कवोल अंकको रकम अनिवार्य रुपमा एकमुष्ट रकम बुझाई सम्झौता गरिसक्नु पर्नेछ कबोल रकम एकमुष्ठ बुझाउँदा सो रकममा १० (दश) प्रतिशत छुट दिइनेछ र उक्त अवधि भित्र सम्झौता गर्न नआएमा नियमानुसार कारवाही अगाडि बढाईनेछ ।

५. ठेक्का अवधि १ बर्ष हुनेछ।

६. असुली गर्नु पर्ने करको दररेट हरिनगर गा.पा.को आर्थिक ऐन, २०८० मा उल्लेख भए बमोजिम हुनेछ।

७. यो सुचना बमोजिम बढाबढ स्विकृत वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा हुनेछ।

८. कर असुली गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणित गराई कर असुली गर्नुपर्ने छ र कर असुली सम्बन्धी सूचना पाटी ठेकेदार आफैले राख्नु पर्नेछ।

९. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी कर संकलन गर्न पाईने छैन। राखेको पाइएमा नियमानुसार कारवाही गरिनेछ।

१०. धरौटी वापत जम्मा गरिएको रकम ठेक्का रकममा समायोजन हुने छैन।

११. नेपाल सरकार वा अन्य निकायलाई कानून बमोजिम तिर्नु पर्ने आयकर, दस्तुर वा रकम ठेकेदार आफैले वुझाउनु पर्नेछ।

१२. ठेक्काको कर उठाउन नेपाल सरकार, प्रदेश सरकारबाट रोक लगाएमा सोही बमोजिम हुने छ।

१३. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन र नियम बमोजिम हुनेछ।

१४. यस कार्यालयलाई रकम बुझाउनु पर्ने बाँकी बक्यौता रहेको व्यक्ति, फर्म वा कम्पनीले बाँकी बक्यौता नबुझाए सम्म यो ठेक्का प्रक्रियामा भाग लिन पाउने छैन।

१५. प्रस्ताव सम्वन्धि केहि कुरा वुझ्नु परेमा कार्यालय समय भित्र गाउँ कार्यपालिका कार्यालयको राजश्व इकाईमा सम्पर्क राखी वुझ्न सकिने छ।

**तपशिल**

| सि.न. | ठेक्का नं. | ठेक्काको नाम | न्युनतम ठेक अंक | कैफियत |
|---|---|---|---|---|
| १ | हरिनगर/राजस्व/०४/०७८/०७९ | घुम्ती व्यवसाय कर | ६,५०,१००।०० (छ लाख पचास हजार एक सय मात्र) | |